# पुरातात्विक महत्वका मन्दिर, गुम्बा, मस्जिद आदिको मर्मत संभार सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः**

नेपालको संविधानले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त राष्ट्र भनी उल्लेख गरेको छ । गण्डकी प्रदेश पनि बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषता भएको प्रदेश हो ।यहाँ विभिन्न जाति, धर्म, सम्प्रदायका आ-आफ्नै मौलिक परम्परा एवं संस्कृति अनुसारका पुरातात्विक महत्वका विभिन्न मन्दिर, गुम्बा, मस्जिद आदि ऐतिहासिक धरोहरका रुपमा रहेका छन् । गण्डकी प्रदेशका प्राचिनकालिन कला र संस्कृति झल्कने यस्ता धरोहरहरूको मर्मत, संभार गर्ने प्रयोजनले पुरातात्विक महत्वका मन्दिर, गुम्बा, मस्जिद, आदिको मर्मत संभार सम्बन्धी कार्यविधि, २०७६ प्रदेश सरकार, मन्त्रीपरिषद्बाट स्वीकृत गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** १) यो कार्यविधिको नाम "पुरातात्विक महत्वका मन्दिर, गुम्बा, मस्जिद आदिको मर्मत संभार सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **मन्त्रालय** भन्नाले सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशलाई सम्झनुपर्छ ।
ख) **सचिव** भन्नाले मन्त्रालयका सचिव सम्झनुपर्छ ।
ग) **स्थानीय तह** भन्नाले गण्डकी प्रदेश अन्तरगतका गाउँपालिका र नगरपालिका सम्झनुपर्छ ।
घ) **प्राचिन/पुरातात्विक सम्पदा** भन्नाले इतिहास, कला, विज्ञान, वास्तुकला वा स्थापत्य कलाको दृष्टिकोणले महत्व राख्ने कम्तिमा १०० वर्ष नाघेको मन्दिर, स्मारक, देवालय, शिवालय, मठ, गुम्वा, विहार, स्तुप आदि सम्झनुपर्छ । सो शव्दले स्मारक रहेको ठाउँ, राष्ट्रिय वा अन्तराष्ट्रिय दृष्टिकोणले विशिष्ट मुल्य राख्ने एक अर्कोसँग जोडिएको प्राचिन स्मारकको भग्नावशेषलाई समेत जनाउँछ ।

ङ) **मर्मत संभार** भन्नाले पुरातात्विक सम्पदाहरुको मौलिकता, आधिकारिकता, प्रमाणिकता एवम् संवेदनशिलतालाई मध्यनजर गरी पुरातत्व विभागले तोकिदिएको मापदण्ड वमोजिमको मर्मत संभारलाई सम्झनुपर्छ ।

**३. प्रस्ताव** माग **गर्नेः** १) पु रातात्विक महत्वका मन्दिर, गुम्बा, मस्जिद आदिको संरक्षण, मर्मत संभार कार्यक्रमका लागि प्रस्ताव माग गरिनेछ ।

२) उपदफा १) बमोजिमको सूचना मन्त्रालयको वेभसाइट र सूचना पाटीमा प्रकाशन गरिनेछ ।प्रस्तावसम्बन्धी सूचनाको ढाँचा अनुसूची -१ बमोजिम हुनेछ ।

**४. प्रस्ताव पेश गर्नेः** १) पुरातात्विक महत्वका मन्दिर, गुम्बा, मस्जिद आदिको संरक्षण, मर्मत संभार कार्यक्रमका लागि अनुसूची- २ बमोजिमको ढाँचामा कार्यक्रम प्रस्ताव तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ ।पुरातात्विक महत्वका मन्दिर, गुम्बा, मस्जिद आदिको संरक्षण, मर्मत संभार कार्यक्रम कार्यान्वयन गर्नुपूर्व कार्यक्रम कार्यान्वयन गर्ने संस्था वा समितिले पुरातत्व विभागको सहमति लिनुपर्नेछ ।

२) प्रस्तावका साथ देहायका कागजात पेश गर्नुपर्नेछ ।

क) पुरातात्विक महत्वको सम्पदाको पहिचान खुलेको स्थानीय तहले गरेको सिफारिस,
ख) संस्था वा समिति दर्ताको प्रमाणपत्र एवं नविकरणसम्बन्धी कागजातको प्रतिलिति,
ग) मर्मत संभारको लागि अनुमानित लागत इस्टिमेट,
घ ) सम्वन्धित संस्था वा समितिको निर्णयको प्रतिलिपि ।

**५. प्रस्ताव छनौटका आधारहरुः**

क) मर्मत संभार कार्यको अधुरो काम सम्पन्न गनुपर्ने मन्दिर, गुम्बा, मस्जिद आदि ।

ख) मर्मत संभारको आवश्यकता भएका मन्दिर, गुम्बा, मस्जिद आदि।

**६. प्रस्ताव छनौट र स्वीकृति**

१) दफा ४ बमोजिम प्राप्त प्रस्तावहरु छनौटका लागि देहाय वमोजिमको प्रस्ताव छनौट समिति रहनेछ ।

| | |
|---|---|
| क) युवा तथा खेलकुद महाशाखा प्रमुख | — संयोजक |
| ख) आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रतिनिधि | — सदस्य |
| ग) प्रदेश संग्रहालय प्रमुख | — सदस्य |
| घ) सम्बन्धित शाखाका शाखा प्रमुख | — सदस्य सचिव |

२) आवश्यकता अनुसार थप विज्ञ आमन्त्रित गर्न सकिनेछ ।

३) उपदफा १ वमोजिमको समितिले छनौट समितिमा प्राप्त भएका प्रस्तावहरुलाई दफा ५ मा उल्लेखित आधार बमोजिम मूल्याङ्कन गरी सात दिनभित्र स्वीकृतिका लागि सचिव समक्ष पेश गर्नेछ ।

४) उपदफा ३ वमोजिम स्वीकृत भएका प्रस्तावहरुको विवरण मन्त्रालयको सूचनापाटी र website मार्फत सार्वजनिक गरिनेछ ।

**७. कार्यक्रम कार्यान्वयन सम्वन्धी सम्झौताः** १) स्वीकृत प्रस्ताव कार्यान्वयनका लागि मन्त्रालयले मन्दिर, गुम्बा, मस्जिद रहेको सम्वन्धित स्थानीय तहलाई अनुदान रकमको अख्तियारी दिनेछ ।कार्यक्रम कार्यान्वयन गर्ने संस्था वा समितिले अख्तियारी प्राप्त भएको मितिले १५ दिन भित्र सम्बन्धित स्थानीय तहसँग सम्झौता गरिसक्नु पर्नेछ ।

२) कार्यक्रम सम्झौताको ढाँचा अनुसूची -२ वमोजिम हुनेछ ।

**८. कार्यक्रम सञ्चालन**

१) कार्यक्रमको सम्झौता भए पश्चात सम्बन्धित संस्था वा समितिले पुरातत्व विभागको मापदण्ड अनुसार स्थानीय तहको प्राविधिकबाट प्रमाणित लागत इष्टिमेट, ड्रइङ, डिजाइनका आधारमा कार्य प्रारम्भ गर्नुपर्नेछ ।

२) कार्य प्रारम्भ भएपछि सम्वन्धित संस्था वा समितिले सोको जानकारी मन्त्रालयलाई दिनुपर्नेछ ।

३) स्थानीय तहले सम्झौतामा उल्लेखित शर्त र अवधि भित्र रही सम्वन्धित प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन र विल भरपाई समेत प्राप्त भएपछि अन्तिम किस्ताको भुक्तानी दिन सक्नेछ ।

**९. कार्यक्रम अनुगमनः** १) कार्यक्रमको अनुगमन मन्त्रालय तथा स्थानीय तहले गर्नेछ ।कार्यक्रम अनुगमन प्रतिवेदन अनुगमनको लागि खटाउने निकायमा पेश गर्नुपर्नेछ ।

२ ) अनुगमनको सिलसिलामा दिइएका निर्देशन एवं सुझावहरु पालना गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने स्थानीय तह र सम्बन्धित समिति/संस्था/निर्माण व्यवसायीको हुनेछ ।

**१०. वाधा अड्काउ फुकाउ तथा संशोधनः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा उत्पन्न भएमा मन्त्रालयले उक्त वाधा अड्काउ फुकाउन तथा संशोधन गर्न सक्नेछ ।

## अनुसूची १
## मन्दिर, गुम्बा, मस्जिद आदि मर्मत संभार कार्यक्रम प्रस्तावको ढाँचा

१. मन्दिर/गुम्बा/मस्जिदको नामः ................ ..................... ................
..................... जिल्ला ......................... न.पा./गा.पा. ...........नं वडा
..................... टोल/गाउँ ।

२. मन्दिर/गुम्बा/मस्जिदको संरक्षण/व्यवस्थापन गर्ने संस्था वा समितिको नामः .....................
सम्पर्क व्यक्तिः .................................. सम्पर्क नंः .......................

३. मुख्य पुरातात्विक बस्तुः

४. अन्य पुरातात्विक बस्तुः

५. निर्माण शैली र प्रकारः

६. ऐतिहासिक पृष्ठभूमी निर्माणकाल , निर्माणकर्ता):
............. ............ ............ ............ ............ .............. ...........
............... .................

७ पूर्व मर्मत वा जीर्णोद्धार मिति र विवरणः

८.सम्पदासम्बन्धी थप विवरण

जग्गाको क्षेत्रफलः .............

मुख्य सम्पदा/भवनकोः

क. लम्वाईः ............... ख. चौडाईः ................. ग. उचाईः ...............

भित्ताको किसिम र कलाः ........................

छानाको किसिम र कलाः .........................

संरचना सम्बन्धी अन्य विवरणः .......................

९. सम्पदामा रहेका पुरातात्विक वस्तुहरुको विवरण

क. ...........................

ख. ...........................

ग. ...........................

१०. सामाजिक एवम् सांस्कृतिक परम्पराः

११. सम्पदाको वर्तमान भौतिक अवस्थाः

१२. मर्मत सुधार गर्न आवश्यक मुख्य भागहरुको विवरणः .................... .......... ........ ......... ...........
...... ......... ............ .............. ......... ......... .............. .......... ............. ........
................

१३. सम्पदाले चर्चेको जमिनको स्वामित्वः

१४. राष्ट्रिय एवम् स्थानीय महत्वः

१५. अपेक्षित उपलब्धिहरुः

प्रस्ताव पेश गर्ने,

नामः............................ पदः .................

हस्ताक्षरः

संस्थाको छापः

# अनुसुची २
## सम्झौताको ढाँचा

श्री ..... ..... ........ ......नगरपालिका/गाउँपालिका र ...................................... को बिचमा ..... ........ ........ ...... ......... ...........मर्मत, संभार, जीर्णोद्वारसम्बन्धी निम्न कार्य गर्न गराउन मञ्जुर भई यो सम्झौता गरिएको छ ।

१) कार्यक्रमको संक्षिप्त बिवरण

क) कामको प्रकृतिः ........... .................. ................. ..................

ख) कार्यस्थलः गा.पा./ न.पा. .............. ................ ............ ...........

ग) आयोजनावाट लाभान्वित क्षेत्र, जनसंख्या, परिवार संख्याः ........ ....... ......

२) कुल लागत अनुमानः रु.................

क) सामाजिक विकास मन्त्रालय, पोखराबाटः रू .............

ख) न.पा/गा.पा.वाटः रू...............

ग) अन्यबाट रू ...............

जम्माः ........................ अक्षरूपी जम्मा रू ...................... ........... ......... .............)

३) आयोजना कार्यान्वयन गर्ने जिम्मेवार संस्था वा समितिः ..................................................

ठेगानाः ............. ........................ ...........................

अध्यक्षको नामः ............. ......... मोबाईल नं. ............. ...............

सम्पर्क ब्यक्तिः ........................... फोन नं/ मोबाईल नं.................................

इमेल...................... ...................... .......................

४) रकम भुक्तानीको व्यवस्था सम्बन्धमाः ...................

५) आयोजना सम्पन्न गर्नुपर्ने मिति .........................

६) सम्झौताको पूर्ब शर्तहरु

क) कार्यक्रम सञ्चालन गर्ने निकायले रकम तथा निर्माण सामग्री कुन कार्यक्रम र उद्देश्यका लागि प्राप्त गरेको हो, सोही कामको लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

ख) मर्मत भएको मन्दिर/गुम्बा/मस्जिदको नियमित सम्भारको ब्यवस्था संस्था आफैंले गर्नुपर्ने छ ।

ग) कार्यक्रम सम्पन्न भएपछि ................ नगरपालिका/गाउँपालिकाबाट जाँचपास गराई कार्य सम्पन्न प्रतिवेदन सहित फरफारक गर्नुपर्नेछ ।

घ) यो सम्झौतासँग संलग्न कार्य तालिका अनुसार कार्य सम्पन्न गर्नुपर्नेछ ।

ङ) ....... ......... नगरपालिका/गाउँपालिकाबाट उल्लेखित कार्य गर्न रू ........... .... रकम ....... ... ......... ........... संस्था/समितिलाई उपलब्ध गराईने छ ।

च) जिर्णोद्धार वा संरक्षण गर्ने क्रममा प्राप्त पुराना सामग्रीहरु सोही जिर्णोद्धार संरक्षण कार्यमा प्रयोग गर्नुपर्ने छ र प्रयोगमा ल्याउन नसकिने कुनै पनि सामग्री काठ , धातु ढुङ्गा आदि) बाट निर्मित कलात्मक बास्तुअंश वा मूर्तिहरु भए ..... ...... नगरपालिका/गाउँपालिकाको समन्वयमा आवश्यक व्यवस्थापन गर्नुपर्ने छ।

छ) यो सम्झौतामा नपरेका कुराहरु प्रचलित कानून, निर्णय र मन्त्रालयवाट भएको निर्देशन बमोजिम हुनेछ ।

| नगरपालिका/गाउँपालिकाको तर्फवाट | उपभोक्ता समिति/संस्थाको तर्फवाट |
|---|---|
| नामः................................ | नामः........................ |
| दस्तखत........................... | दस्तखत.......................... |
| पदः.................. | पदः.................... |
| मोबाईल नंः ................. | मोबाईल नंः .................... |
| कार्यालयको छाप..................... | संस्थाको छापः ............ |
| मितिः | मितिः |